# धुनिवेशी नगरपालिका
## पशुपन्छी विकास शाखा
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

## पशुपन्छी विकास शाखाको अत्यन्त जरुरी सूचना !!

धुनिवेशी नगरक्षेत्रका केहि वडामा पशुहरुमा खोरेत (FMDV Type O) रोगको संक्रमण फैलिएको र सो रोग नियन्त्रण भन्दा बाहिर जान सक्ने खतरा रहेको हुदाँ रोग नियन्त्रणमा सहयोग गर्न पशुपालक कृषकहरुलाई निम्न कुराहरुमा ध्यान दिनु हुन यो सूचना जारी गरिएको छ ।

- पशु-वस्तुहरुलाई खुला चराउन नपठाई गोठमा राख्नु पर्ने ।
- संक्रमित क्षेत्र बाट जनावरको खरिद, विक्रि, ओसारपसार तथा ढुवानी नगर्ने।
- रोग लागेका क्षेत्र भित्रका संक्रमित गोठ वा स्थानमा नजाने र जानैपरेको अवस्थामा भने फर्किदा पुर्ण रुपले सक्रमण मुक्त भई आवश्यक कार्य गर्ने।
- संक्रमित पशुहरुको वध गरि मासुको उपभोग तथा विक्रिवितरण नगर्ने ।
- संक्रमित क्षेत्रका व्यक्तिहरुलाई सकभर आफ्नो गोठ खोरमा प्रवेश नगराउने ।
- बजार तथा दुग्ध संकलन केन्द्रमा पुर्याईएका भाडा/सामाग्रीहरु पुर्ण रुपमा निःसक्रमण (Disinfection) गरी मात्र गोठ खोरमा प्रयोग गर्ने ।
- गोठ सफा र सुक्खा राखी गोठ वरिपरि चुना, फिनायल, फर्मालिन, भिर्कोन आदि छर्कनुका साथै जैविक सुरक्षाका विधिहरु अपनाउने ।
- अत्याधिक ज्वरो, घाउ तथा अरुचिको लक्षण देखाई बिरामी भएको पशुहरुलाई पशु प्राविधिकको सल्लाह बमोजिम ज्वरोको औषधी (मेलोक्सिक्याम पारासिटामोल) तथा इमुनोमोडुलेटर (जस्तै रेस्टोबल, Vit C सप्लिमेनट आदि) प्रयोग गर्ने तथा पशुपन्छी विकास शाखा मार्फत औषधी/परामर्श प्राप्त गर्ने।
- पशुपन्छी विकास शाखा मार्फत रोग लागेको क्षेत्र भन्दा बाहिर Ring Vaccination कार्य संचालन भैरहेको हुनाले रोग फैलिएको/नफैलिएको अवस्था बारे खोपकर्ता तथा जनसमुदायमा यथार्थ जानकारी प्रदान गर्ने।

थप जानकारीको लागि पशुपन्छी विकास शाखा, धुनिवेशी नगरपालिकामा सम्पर्क गर्नुहोला।